# "अनुवादक बुक गर्न"

MCCSA
Multicultural Communities Council of South Australia

**यदि तपाईं अंग्रेजी बुझ्नुहुन्न र आपतकालीन सेवाहरूलाई सम्पर्क गर्नु पर्‍यो भने तपाईंले राष्ट्रिय अनुवाद र दोभाषे सेवा (National Translation and Interpreting Service) लाई 131 450 मा फोन गर्न सक्नुहुन्छ र SA State Emergency Service (SA SES) (एस.ए. स्टेट आपतकालीन सेवा) मा कुरा गराई माग्न अनुरोध गर्न सक्नुहुन्छ। सेवा नि: शुल्क छ र दिनको २४ घण्टा उपलब्ध छ**

1. तपाईंले TIS National लाई कल गर्दा स्वचालित निर्देशनले तपाईंलाई कुन भाषा चाहिन्छ भनेर सोध्नेछ। कृपया तपाईंलाई चाहिने भाषाको नाम बताउनुहोस्।
2. जब TIS National को सञ्चालकसँग कुरा हुन्छ, तपाईंको भाषाको नाम फेरि भन्नुहोस्।
3. सन्चालकले तपाईंको लागि उपलब्ध दोभाषे फेला नपारुन्जेल फोनमा पर्खिनुहोस्।

सन्चालकले तपाईंले माग्नु भएको भाषाको दोभासेसँग कुरा गराउनुहुनेछ। तपाईंलाई सोधिनेछ:

- तपाईंको नाम
- तपाईंले सम्पर्क गर्न चाहेको संस्थाको नाम
- तपाईंले सम्पर्क गर्न चाहेको संस्थाको फोन नम्बर।

बाढी र आँधीमा मद्दतको लागि SES लाई 132 500 मा सम्पर्क गर्न सकिन्छ

- घरको गम्भीर क्षति हुँदा
- घर बाढीको जोखिममा हुँदा
- गाडी वा घरमा रुख ढल्दा

आँधी, बाढी, तातो हावा वा वनआगलागी जस्ता महत्त्वपूर्ण मौसमी घटनाहरूको जानकारीका लागि जानकारी हटलाइनलाई 1800 362 361 मा सम्पर्क गर्न सकिन्छ।
जीवनलाई खतरामा पार्ने आपतकालिन अवस्थामा पुलिस, दमकल र एम्बुलेन्सलाई 000 मा फोन गर्नुहोस्।

सञ्चालकले तपाईंलाई र दोभाषेलाई संस्थामा जोड्ने क्रममा फोन सुनी रहनुहोला।

यो सन्देश र अन्य सम्बन्धित जानकारीको लागि
**www.ses.sa.gov.au**हेर्नुहोस्
**www.tisnational.gov.au** र **www.sa.gov.au**
Multicultural Communities Council of SA द्वारा

Australian Government
Department of Home Affairs

TIS Translating and Interpreting Service

**Multicultural Communities Council of South Australia**
113 Gilbert Street, Adelaide SA 5000
**PHONE** (08) 8345 5266
**E** mccsa@mccsa.org.au
**www.mccsa.org.au**